# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं। फाल्गुन २८ गते २०१३ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ११

शिक्षामन्त्रालय-अन्तर्गत पद्म-कन्या-कलेजलाई निम्नलिखित तीन जना लेक्चररहरू चाहिएका छन्। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ [२०१०] मा आफ्नो बेहोरा स्पष्ट भरी २०१४ साल बैशाख २० गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु. ३। का स्थितिको नेपाली टिकटसहित दरखास्त गर्नु होला। फी दस्तुर नभएको दरखास्त उपर विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोश्वारामा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छन् :—

१. [क] अंग्रेजी लेक्चररहरू जना २ दुइ, [ख] अर्थशास्त्रको लेक्चरर जना १ एक
२. सबै पद गजेटेड, स्थायी तथा पेन्सन पाइने।
३. आवश्यक न्यूनतम योग्यता :—[क] र [ख] लाई तत्तद् विषयमा एम्. ए.
४. वांछनीय योग्यता :— तीनै पदका निमित्त प्रथम वा दोश्रा श्रेणीमा पास भएकालाई ग्राह्यता दिइनेछ।
५. काम :—पद्म-कन्या-कलेजमा शिक्षा दिने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८०

६. मासिक तलबको स्केल र भत्ताः—तलब मोहरु १८०। देखि ३६०। महँगी भत्ता रु. २०।

७. सो पोष्टमा नेपाली नपाई अनेपाली भर्ना भएमा दुइ वर्षसम्मको म्यादमा काम गर्नु पर्छ। म्यादोमा तलबको स्केल र भत्ता तलब मोहरु १८०। देखि ३६०। विशेष भत्ता मोहरू १०० महँगी भत्ता मोहरु. २०।

आज्ञाले—

खड्गमान मल्ल एम्. ए.
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन.
सिंहदरबार, काठमाडौं, नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २०

(शिक्षामन्त्रालय-अन्तर्गत राजकीय संस्कृत महाविद्यालयलाई एकजना लेक्चरर चाहिएको छ। योग्य उम्मेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १(२०१०)मा आफ्नो बेहोरा स्पष्ट भरी २०१२ साल वैशाख २६ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरू १। वा त्यतिको नेपाली टिकटसहित दरखास्त गर्नु होला। फी दस्तुर नभएको दरखास्तका उपर विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक गढी, गौंडा, थोसघारामा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छः—

१. पदः—राजशास्त्र लेक्चरर, गजेटेड, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः—बी. ए. मा कमसेकम भर्नाक्यूलर कम्पोजिसनमा हिन्दी लिई राजशास्त्रमा एम्. ए।

३. वांछनीय योग्यताः-संस्कृतमा मध्यमा भएकालाई विशेष ग्राह्यता दिइनेछ।

४. मासिक तलबको स्केल र भत्ताः—तलब मोरु १८०। देखि ३००। महँगी भत्ता मोरु २०।

५. कामः—राजकीय संस्कृत महाविद्यालयमा अध्यापन।

आज्ञाले—

खड्गमान मल्ल एम्. ए.
पब्लिक सर्भिस कमिशन,
सिंहदरबार; काठमाडौं' नेपाल।

---

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेमराज शर्मा.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८८